# अमेरिकन लाईफ इन्स्योरेन्स कम्पनी

(अमेरिकामा स्थापित भई
नेपाल बीमा प्राधिकरणबाट नेपालमा जीवन बीमा ब्यवसाय गर्न ईजाजत प्राप्त)
कम्पनी दर्ता नं. ६/०६२/०६३

नेपाल स्थित रजिष्टर्ड कार्यालय :
सिग्नेचर प्लेटिनम टावर, पुल्चोक,
पो.ब.नं. ११५९०, काठमाडौं, नेपाल ।
टेलिफोन नं. : ०१-५९७१७९९

मुख्य कार्यालय
मेट्रोपोलिटन लाईफ इन्स्योरेन्स कम्पनी
२०० पार्क एभेन्यू, न्युयोर्क
न्युयोर्क १०१६६, यु.एस.ए.

## सुभविष्य बीमा – आजीवन आय

**अमेरिकन लाईफ इन्स्योरेन्स कम्पनी** (यसपछि यसमा कम्पनी भनिएको) ले यस बीमालेखको अनुसूचीमा उल्लेख गरिएको बीमितको बीमा रक्षावरण गर्न स्वीकार गर्दछ र यस बीमालेखमा उल्लेखित शर्त तथा प्रावधानहरुको अधिनमा रही यस बीमालेखमा उल्लेख गरिएका लाभहरु (Benefits) भुक्तानी दिन मञ्जुर गर्दछ ।

बीमालेखको लागि तिर्नुपर्ने बीमाशुल्क बीमालेख लागु भएको मितिमा नै तिर्नुपर्नेछ र त्यसपछि बीमाशुल्क भुक्तानीको चरणभित्र बीमित जीवित रहेको अवधिसम्म तिर्नुपर्नेछ । बीमाशुल्क भुक्तानीको चरण बीमालेखको अनुसूचीमा उल्लेख गरिएकोछ ।

यसै साथ संलग्न पूरक करारको लागि तिर्नुपर्ने अतिरिक्त बीमाशुल्क बीमालेखको लागि बीमाशुल्क तिर्नुपर्ने मितिमा नै तिर्नु पर्नेछ । पूरक करारमा उल्लेखित शर्त बन्देजको अधिनमा रही त्यस्तो अतिरिक्त बीमाशुल्क पूरक करार अन्त्य नभएसम्म तिर्नुपर्नेछ ।

बीमालेखको लागि गरेको आवेदन तथा यस बीमालेखको अनुसूचीमा उल्लेख भए अनुरुप बीमाशुल्क वापत तिर्नुपर्ने रकम अग्रिम भुक्तानी दिए वापत यो करार सम्पन्न भएको मानिनेछ ।

बीमालेख वर्ष, महिना तथा वार्षिकोत्सव बीमालेखको अनुसूचीमा उल्लेख भएको बीमालेख लागु मिति अनुसार निर्धारण हुनेछ ।

यस बीमालेखका लाभहरु, बीमालेखको अनुसूची (Policy Specification Schedule) मा, यो पृष्ठ र यसपछिका पृष्ठहरुमा उल्लेख भएका प्रावधान तथा शर्तहरु, तथा संलग्न सम्पुष्टिहरु यस बीमालेखका अंग हुन् ।

यस बीमालेख अन्तर्गत कम्पनीले तिर्नुपर्ने वा कम्पनीलाई तिर्नुपर्ने सबै रकमहरु बीमालेखको अनुसूचीमा उल्लेखित मुद्रा, नेपाली रुपैयामा भुक्तानी गर्नुपर्नेछ र बीमालेखको अनुसूचीमा उल्लेख भएको भुक्तानीको देश (Country of payment) नेपालमा रहेको कम्पनीको कार्यालयमा भुक्तानी गरिनेछ ।

नियन्त्रक कानुन (CONTROLLING LAW) : यस बीमालेखका प्रावधान र शर्तहरु बीमा सम्बन्धी प्रचलित कानूनहरु बमोजिम भएको मानिनेछन् र यस अन्तर्गत कुनैपनि द्विविधा/विवाद उत्पन्न भएमा बीमा सम्बन्धि प्रचलित कानूनहरु बमोजिम हुनेछन् ।

कर कानुन (TAX LAW) : कर सम्बन्धि प्रचलित कानुन बमोजिम वा कानुनमा कुनै परिवर्तन भएको वा नयाँ कर वा लेभी लागु भएको अवस्थामा यस बीमालेख अन्तर्गत भुक्तानी हुने लाभको लागि बीमितले भुक्तानी गर्नुपर्ने नियमानुसारको कर वा लेभीरकम बीमितबाट असुल गरिने वा यस बीमालेख अन्तर्गत भुक्तानी गरिने लाभ रकमबाट कट्टा गरिनेछ ।

बीमालेखको अनुसूचीमा उल्लेख भएको जारी मितिका दिन अमेरिकन लाईफ इन्स्योरेन्स कम्पनीले यो बीमालेख हस्ताक्षर गरी जारी गरेको छ ।

प्रतिहस्ताक्षर गर्ने --------------------
रजिष्ट्रार

------------------------
निर्मल काजी श्रेष्ठ
भाईस प्रेसिडेन्ट एण्ड जनरल म्यानेजर

American Life Insurance Company
(Incorporated in the U.S.A. and
Licensed by Nepal Insurance Authority to conduct Life Insurance Business in Nepal)
Company Regn. No. 6/062/063

**Registered Office in Nepal:**
SIGNATURE PLATINUM TOWER, PULCHOWK
G.P.O. BOX: 11590, KATHMANDU, NEPAL
Telephone: 01-5971799

**Home Office:**
METROPOLITAN LIFE INSURANCE COMPANY
200 Park Avenue, New York
New York 10166, U.S.A.

# SUBHABISHYA BEEMA - LIFETIME INCOME

American Life Insurance Company hereinafter referred to as the Company,

HEREBY INSURES the Insured stated in the Policy Specification Schedule of this Policy and agrees to pay the benefits provided herein subject to the terms and conditions hereof.

PREMIUMS for the Policy are payable as of the Policy Date and thereafter during the Premium Payment Phase while the Insured is then alive. The Premium Payment Term is stated in the Policy Specification Schedule.

ADDITIONAL PREMIUMS for any Supplementary Contracts attached hereto are payable on the same date as the premium payment date of the Policy, such payments to continue until termination of such Supplementary Contracts in accordance with the terms thereof.

THIS CONTRACT is made in consideration of the application for this Policy and the payment, in advance of premiums as herein provided in the Policy Specification Schedule.

POLICY YEARS, months and anniversaries will be determined from the Policy Date stated in the Policy Specification Schedule.

THE BENEFITS, provisions and conditions set forth in the Policy Specification Schedule and on this and the following pages and endorsements attached are a part of this Policy.

ALL SUMS payable hereunder by or to the Company shall be payable in Nepalese Rupees, the Currency stated in the Policy Specification Schedule and shall be paid by or to at the Office of the Company in Nepal, the Country of the Payment stated in the Policy Specification Schedule.

CONTROLLING LAW: The provisions and terms of this Policy shall be construed in accordance with the the prevailing Insurance Laws and applicable laws will apply in respect of any controversy / dispute arising there from.

TAX LAW: The tax (es) payable by insured per existing tax laws or per any changes in the law of taxation or imposition of new levies or taxes on the benefits payable under this Policy shall be collected from the insured or shall be deducted from the benefits payable subject to applicable laws. IN WITNESSWHEREOF, AMERICAN LIFE INSURANCE COMPANY has caused this Policy to be executed as of the date of issue stated in the Policy Specification Schedule.

Countersigned by: ____________
Registrar

Nirmal K. Shrestha
Vice President and General Manager

## सामान्य प्रावधानहरु (GENERAL PROVISIONS)

**यो करार, यसका शर्त तथा बन्देजहरु (THE CONTRACT, ITS PROVISIONS AND LIMITATIONS)**: यो बीमालेख, यसको लागि पेश गरिएको आवेदन संलग्न अनुमोदन (हरु) र यसै बीमालेखको अभिन्न अंग हुने भनिएको यसैसाथ संलग्न गरिएको पूरक करार (हरु) (Supplementary Contracts) बाट पूर्ण बीमा करार बन्दछ । जालसाजी (Fraud) को अवस्थामा बाहेक बीमा करार को लागि आवेदन गर्दा दिइएका सबै विवरणहरु (Statements) लाई अभिकथन (Representation) को रुपमा लिईनेछ र यसलाई जमानत (Warranties) को रुपमा लिईने छैन ।

**बीमा करारमा हेरफेर (MODIFICATION)** : संचालक समितिको अध्यक्ष, प्रेसिडेन्ट (President), भाईस प्रेसिडेन्ट (Vice President), क्षेत्रिय भाईस प्रेसिडेन्ट, बीमाङ्की (Actuary), सचिव, सहायक भाईस प्रेसिडेन्ट, क्षेत्रिय सचिवहरु, सहायक सचिव अथवा कम्पनीका रजिष्ट्रारले मात्र बीमा करार गर्न र यसलाई नेपाल बीमा प्राधिकरणको सहमतिमा बीमाशुल्कको भुक्तानीको समयावधि बढाउने वा कम्पनीको कुनै पनि अधिकार वा आवश्यकता (Requirement) परित्याग गर्ने लगायत संशोधन गर्न सक्दछ ।

**योजनामा परिवर्तन (CHANGE IN PLAN)** : कम्पनीले निर्धारण गरेको प्रकृया अनुसार र कम्पनीले कुनै थप शुल्क निर्धारण गरेको भएमा सो को भुक्तानी गरेपछि यो बीमालेख अर्को बीमा योजनामा परिवर्तन गर्न सकिनेछ ।

**निर्विवादिता (INCONTESTABILITY)** : असक्तता वा दुर्घटना सम्बन्धी लाभ प्रदान गर्ने भाग बाहेक बीमित जीवित रहेको अवधि भित्र बीमा लागु मितिले एक वर्ष सम्म यो बीमालेख बहाल रहिसकेको भए जालसाजी, जानी जानी तथ्यहरु लुकाएको वा भुक्याएको वा बीमाशुल्क नै नबुझाएको अवस्थामा बाहेक यो बीमालेख निर्विवाद (Incontestable) हुनेछ ।

बीमितले बीमाङ्क बढाएमा वा व्यतित बीमालेख पुनर्जागरण गराएमा यस्तो बीमाङ्क बृद्धि वा पुनर्जागरण, बीमाङ्क बृद्धि वा पुनर्जागरण भएको मितिले एक बर्षसम्म विवादस्पद (Contestable) हुनेछ तथा बीमित जीवित रहेको अवधि भित्र बीमाङ्क बृद्धि वा पुनर्जागरण भएको मितिले एक वर्षसम्म बहाल रहिसकेको भए जालसाजी, जानी जानी तथ्य लुकाएको वा भुक्याएको वा बीमाशुल्कहरु नै नबुझाएको अवस्थामा बाहेक निर्विवाद (Incontestable) हुनेछ ।

**आत्महत्या (SUICIDE)** : यदि, बीमितले मगज बिग्रेको वा नबिग्रेको जस्तोसुकै अवस्थामा पनि बीमालेख लागु भएको वा व्यतित बीमालेख पुनर्जागरण भएको मितिले २ बर्षभित्र आत्महत्या गरेको खण्डमा यस करार अन्तर्गत भुक्तानी गरिने रकम बीमालेखको चुक्ता मुल्य (Paidup Value) (कुनैभए) बाट बीमालेख अन्तर्गतको कुनै बक्यौता रकमभए सो रकम घटाई बाँकी रहेको रकम सम्म मात्र सीमित रहनेछ ।

**उमेर (AGE)** : यदि, बीमा गर्दा बीमितको उमेर कम उल्लेख गरिएको रहेछ भने यस बीमालेख अनुसार भुक्तानी गर्नुपर्ने कुनैपनि रकम तिरिएको बीमाशुल्कले बीमितको सही उमेरको आधारमा खाम्न सक्ने बीमाङ्क रकम अनुसार बीमाङ्क घट्नेछ । यदि, बीमा गर्दा बीमितको उमेर बढि उल्लेख गरिएको रहेछ भने सहि उमेर अनुसार भुक्तानी गर्नुपर्ने बीमाशुल्क भन्दा बढि तिरिएको रकम कुनै ब्याज विना फिर्ता गरिनेछ र यस बीमालेखको बीमाङ्क रकममा कुनै परिवर्तन हुनेछैन । तर यदि बीमालेख लागुमितिमा बीमितको उमेर कम्पनीले बीमालेख जारी गर्ने अधिकतम प्रवेश उमेर भन्दा बढिभएमा यो बीमालेख प्रारम्भ मिति देखि नै बदर हुनेछ ।

**यस बीमालेख अन्तर्गतको स्वामित्व र अधिकार (OWNERSHIP AND RIGHTS UNDER THIS POLICY)** : कुनै वैधानिक प्रतिबन्ध भए सोको अधिनमा रहि यस करार अन्तर्गतका सबै अधिकार, सुविधा र विकल्पहरु (Options) स्पष्टरुपमा अन्य कुनै व्यक्तिलाई प्रदान नगरिएको र ईच्छाइएको व्यक्ति परिवर्तन गर्ने अधिकार सुरक्षित राखिएको अवस्थामा बीमितमा मात्र निहित हुनेछन्, अन्यथा बीमित र अपरिवर्तनीय ईच्छाइएको व्यक्तिमा संयुक्त रुपमा निहित रहनेछन् र यसमा अन्यथा उल्लेख भएकोमा बाहेक बीमा करार बहाल रहेको अवधिमा बीमितको मृत्यु भएको खण्डमा मात्र ईच्छाइएको व्यक्तिमा सर्नेछ ।

**स्वामित्व र ईच्छाइएको व्यक्तिको परिवर्तन (CHANGES IN OWNERSHIP AND BENEFICIARY)** : यो करार बहाल रहेको अवस्थामा जुनसुकै समयमा बीमा कम्पनीलाई सन्तोषजनक हुने गरी लिखित सूचना दर्ता गराई :

(क) बीमितले आफ्नो जीवनकालमै लागुहुनेगरी आफ्नो पूर्ण स्वामित्व हस्तान्तरण गर्न सक्नेछ ।

(ख) यस बीमालेखमा अन्यथा उल्लेख भएकोमा बाहेक यो बीमालेखका सम्बन्धमा लागू हुने कानूनले दिएसम्म भविष्यमा पनि ईच्छाइएको व्यक्ति परिवर्तन गर्ने अधिकार सुरक्षित राखी वा नराखी ईच्छाइएको व्यक्ति परिवर्तन गर्न सकिनेछ ।

नेपाल स्थित कम्पनीको रजिष्टर्ड कार्यालयले अभिलेख नगरेसम्म यस्तो स्वामित्व हस्तान्तरण वा ईच्छाइएको व्यक्तिको परिवर्तन लागू हुने छैन तर यसरी अभिलेख गरेपछि, अभिलेख गर्नु अगाडि कम्पनीले कुनै भुक्तानी दिएको वा अन्य कारवाही गरेको अवस्थामा बाहेक बीमितले सूचनामा सही गरेको मितिदेखि नै लागू हुनेछ ।

**बीमित वा ईच्छाइएको व्यक्तिको मृत्यु भएको अवस्थामा सृजना हुने अधिकार (RIGHTS IN EVENT OF DEATH OF INSURED OR BENEFICIARY)** : बीमित जीवितै छँदा ईच्छाइएको व्यक्तिको मृत्यु भएमा र बीमितले अर्को व्यक्ति नईच्छाएको अवस्थामा बीमितको मृत्यु भएमा निजको अधिकार नेपालको प्रचलित बीमा कानूनको व्यवस्था बमोजिम बीमितको कानूनी हकवालामा सर्नेछ ।

बीमितको मृत्यु हुँदा जीवितै रहेको ईच्छाइएको व्यक्तिको यस बीमालेख अन्तर्गत लाभ भुक्तानी लिन नपाउदै मृत्यु भएमा त्यस्तो ईच्छाइएको व्यक्तिको अधिकार निजको कानूनी हकवालामा सर्नेछ ।

**स्वामित्व हस्तान्तरण (ASSIGNMENT)** : स्वामित्व हस्तान्तरणको व्यहोरा नेपालस्थित कम्पनीको रजिष्टर्ड कार्यालयमा अभिलेख नगरि एसम्म यो बीमालेख वा यस अन्तर्गतको कुनै स्वामित्व हस्तान्तरण कम्पनीलाई बाध्यकारी हुनेछैन । कुनैपनि स्वामित्व हस्तान्तरण, हस्तान्तरण सम्बन्धी सूचना नेपालस्थित कम्पनीको रजिष्टर्ड कार्यालयमा प्राप्त भई अभिलेख हुनु अगावै कम्पनीले दिएको कुनै भुक्तानी वा चलाएको कुनै कारवाहीको अधिनमा रहि मात्र हुनेछ । स्वामित्व हस्तान्तरणको वैधता, प्रभावकारिता र पर्याप्तता सम्बन्धी कुनै पनि जिम्मेवारी कम्पनीले लिनेछैन । यस्तो स्वामित्व हस्तान्तरण द्वारा यस बीमालेख माथि कानुनी स्वामित्व प्राप्त व्यक्ति वा संस्था लाई निजको स्वमित्वको हदसम्म यस अन्तर्गत भुक्तानी हुने कुनैपनि रकममा पहिलो अधिकार हुनेछ ।

**दावीको भुक्तानी (PAYMENT OF CLAIM)** यो बीमालेख र बीमा सम्बन्धि प्रचलित कानूनहरु बमोजिमका कागजात तथा कम्पनीले आवश्यक ठानी माग गरेको क्षतिको अन्य उपयुक्त लिखित प्रमाण प्राप्त भएमा यस बीमालेख अन्तर्गतका भुक्तानी योग्य लाभहरु बीमालेखका प्रावधानहरु तथा बीमा सम्बन्धि प्रचलित कानूनहरुको अधीनमा रहि भुक्तानी दिइनेछ ।

**कानुनी कार्यवाही (LEGAL ACTION)** : कानुनी कार्यवाही नेपालको प्रचलित बीमा ऐन तथा बीमा नियमावलि अनुसार हुनेछ ।

**युद्ध जोखिम अपवाद (WAR RISK EXCLUSION)** : यो बीमालेखका प्रावधानहरुमा जेसुकै कुरा लेखिएको भए तापनि यदि बीमितको मृत्यु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा युद्धमा सक्रिय सहभागिताको कारणबाट हुन गएमा यस बीमालेख अन्तर्गत कम्पनीको दायित्व बीमालेखको चुक्तामूल्य (Paidup Value) (कुनै भए) बाट कुनै बक्यौता वा ब्याज भए सो घटाई बाँकी रकमसम्म मात्र सिमित रहनेछ ।

## GENERAL PROVISIONS

**THE CONTRACT, ITS PROVISIONS AND LIMITATIONS:** This Policy, application for it, endorsement(s) and the supplementary contract(s) attached hereto constitute the entire contract. All statements made in applying for the Contract will be deemed, in the absence of fraud, representations and not warranties.

**MODIFICATION:** Only the Chairman of the Board, President, Vice President, Regional Vice President, Actuary, Secretary, Assistant Vice President, Regional Secretary, Assistant Secretary or Registrar of the Company can make or modify this Contract, subject to approval of the Nepal Insurance Authority, including extend the time for payment of any premium or waive any of the company's rights or requirements.

**CHANGE IN PLAN:** This Policy may be changed to another plan of insurance with the consent of the Company, subject to such requirements and upon payment of such cost, if any, as the Company shall determine.

**INCONTESTABILITY:** This Policy, but not any part hereof granting Disability or Accident Benefits, shall be incontestable after it has been in force, during the lifetime of the Insured, for one year from its Policy Date, except for fraud, willful misrepresentation or non-payment of Premium(s).

In the event the insured elects to increase the Face Amount or to reinstate this Policy, the increase or Reinstatement shall be contestable for one year from the effective date of increase or reinstatement and the increase or Reinstatement shall become incontestable, under this Policy, after it has been in force, during the lifetime of the Insured, for one year from the effective date of the increase or the Reinstatement except for fraud, willful misrepresentation or non-payment of Premium(s).

**SUICIDE:** If the Insured commits suicide, while sane or insane, within two years from the Policy Date or from the date of any reinstatement of the Policy, the amount payable under this Contract shall be a sum equal to the paidup value of the policy (if any) less any indebtedness under the Policy.

**AGE:** If the age of the insured has been understated, any amount payable under this Policy shall be reduced to equal the amount as the premium paid would have purchased at the correct age. If the age has been overstated, the excess of the amount of premium paid over the premium at the correct age will be refunded without interest and there will be no change in amount payable under the Policy. Provided that if the age of the Insured at Policy Date is higher than the maximum entry age at which the Company writes the Contract, then the Policy will be void from its inception.

**OWNERSHIP AND RIGHTS UNDER THIS POLICY:** Subject to any statutory restrictions, all rights, privileges and options provided under this Contract not specifically granted to any other person shall be reserved to the insured alone, if the right to change the Beneficiary has been reserved; otherwise to the insured and irrevocable Beneficiary jointly and shall pass to the Beneficiary only upon the death of the insured during the continuance of this contract unless otherwise provided herein.

**CHANGES IN OWNERSHIP AND BENEFICIARY:** At any time during the continuance of this contract by filing written notice satisfactory to the Company: (a) The Insured may transfer his entire ownership to take effect during his lifetime, and (b) Unless otherwise provided herein the Beneficiary may be changed, with or without reserving the future rights to change the Beneficiary in so far as the laws governing this Policy allow. No such transfer or change will take effect unless recorded by the Registered Office of the Company in Nepal, but when so recorded shall become effective as of the date the notice was signed by the insured, subject to any payment made or other action taken by the Company before such recording.

**RIGHTS IN EVENT OF DEATH OF INSURED OR BENEFICIARY:** The rights of a beneficiary in the event of his/her death during life time of the insured will pass on to the legal heir of the insured eligible as per the provisions of prevailing insurance laws of Nepal, if the insured dies before nominating any other beneficiary.

In the event of the death of beneficiary after the death of insured but before receiving the benefits payable under the policy, rights of such beneficiary will pass on to his/her legal heir.

**ASSIGNMENT:** No assignment of this Policy or of any interest therein, shall be binding on the Company unless recorded by the Company at its Registered Office in Nepal. Any assignment shall be subject to any payment made or other action taken by the Company before the assignment is received and recorded by the Company at its Registered Office in Nepal. The Company assumes no responsibility for the validity, effect or sufficiency of any assignment. Any person or institution who has received legal ownership on this policy through such transfer shall have the primary right on any payment made under this policy up to his/her ownership limit.

**PAYMENT OF CLAIM:** Indemnities payable under this policy, will be paid, subject to the provisions of the policy and prevailing insurance laws, upon receipt of this policy, documents per the provision of prevailing insurance laws and other due written proof of loss as deemed necessary and demanded by the Company.

**LEGAL ACTION**

Legal action will be subject to prevailing insurance act and regulation of Nepal.

**WAR RISK EXCLUSION:** It is hereby agreed that, notwithstanding the provisions of this Policy, if the insured dies as a result of his directly or indirectly taking an active part in War, the Company's liability under this Policy shall be limited to the amount of Paid up Value under the Policy, if any, reduced by any indebtedness to the Company existing against this Policy including interest due or accrued.

**यस बीमालेखको उद्देश्यका लागि युद्ध भन्नाले** युद्ध, युद्ध जस्तै स्थिति वा सैन्य परिचालन (युद्ध घोषित होस् वा नहोस्) वा अतिक्रमण, विदेशी शत्रुको कार्यवाही, वैमनश्यता, सैन्यद्रोह, हुलदंगा वा आतंकवाद, नागरिक विद्रोह, गृहयुद्ध, विद्रोह, क्रान्ति, विप्लव, षड्यन्त्र, सैनिक शासन वा कर्फ्यु घोषणा वा जारी राख्ने कुनै पनि घटना वा कारणलाई बुझाउँछ ।

**अर्न्तराष्ट्रिय र स्थानीय नाकाबन्दी सम्बन्धि बन्देज र अपवाद (INTERNATIONAL AND LOCAL SANCTION LIMITATION AND EXCLUSION):** बीमितलाई संयुक्त राष्ट्र संघका प्रस्तावहरु वा व्यापार वा आर्थिक नाकाबन्दीहरु, युरोपियन युनियन, संयुक्त अधिराज्य वा संयुक्त राज्य अमेरिकाको कानुन वा नियम वा स्थानिय कानुन अन्तर्गतको कुनै पनि नाकाबन्दी, निषेधाज्ञा वा बन्देज लागेमा सो हदसम्म कम्पनीले त्यस्ता बीमितलाई रक्षावरण गरेको मानिने छैन र त्यस्तो रक्षावरण, पूरक करार समेत यस अन्तर्गतका कुनै पनि दावी भुक्तानी गर्न वा कुनै लाभ प्रदान गर्न बीमक उत्तरदायी हुनेछैन ।

**बीमालेखलाई नियन्त्रण गर्ने सामान्य एवं विषेश प्रावधानहरु (GENERAL AND SPECIAL PROVISIONS REGULATING THE POLICY)** : माथि उल्लेखित सामान्य प्रावधानहरु बीमाशुल्क भुक्तानीको चरण अन्तर्गत वहाल रहेको बीमालेखमा लागु हुनेछन् । तल उल्लेखित विषेश प्रावधानहरु- भाग १ र भाग २, बीमालेख वहाल रहेको चरणको आधारमा तथा प्रत्येक भाग १ र भाग २ मा व्यवस्था गरिए अनुसार बीमालेखमा लागु हुनेछन् ।

**विषेश प्रावधान–भाग १ (SPECIAL PROVISION - PART I)**

**बीमाशुल्क भुक्तानी चरण (PREMIUM PAYING PHASE)**

निम्न लिखित विषेश प्रावधानहरु- भाग १ बीमालेखको बीमाशुल्क भुक्तानी चरणमा लागुहुने छन् र उक्त चरणको समाप्ति मिति पछि निष्प्रभावी हुनेछ । तर त्यस्तो मितिमा यो बीमालेख यसै भागमा तल परिभाषा गरिए अनुसार बीमालेख स्वत: जफत नहुने प्रावधान अन्तर्गत कम मुल्यको चुक्ता बीमालेखको रुपमाभए प्रभावी हुनेछ ।

**बीमाशुल्क भुक्तानी चरण :** बीमाशुल्क भुक्तानीको चरणले बीमालेख लागुमिति देखि बीमाशुल्क भुक्तानी अवधिको अन्तसम्मको अवधिलाई जनाउनेछ । बीमाशुल्क भुक्तानी अवधि बीमालेख अनुसूचीमा उल्लेख गरिएकोछ र यसले बीमितले नियमित बीमाशुल्क बुझाउने भनी आवेदन गरेको अवधिलाई जनाउनेछ ।

**मृत्युलाभ (DEATH BENEFIT)** : बीमालेखको बीमाशुल्क भुक्तानीको चरणमा बीमितको मृत्यु भएमा यस बीमालेखका प्रावधानहरुको अधिनमा रही कम्पनीले बीमाङ्क तथा नियमानुसारको बोनस रकमबाट बीमालेख अन्तर्गत कुनै बक्यौता लिनुपर्ने भए सो घटाई भुक्तानी दिनेछ ।

**बीमाशुल्कको भुक्तानी र महोलतको अवधि (PAYMENT OF PREMIUM AND GRACE PERIOD)** : यस बीमालेख अनुसार बुझाउनुपर्ने सबै बीमाशुल्कहरु अग्रीमरुपमा बीमाशुल्क भुक्तानी चरणमा र बीमित जीवितै रहेको अवस्थामा कम्पनीको अधिकार प्राप्त कर्मचारीले सही गरेको रसिदको सट्टामा भुक्तानी गर्नुपर्नेछ । प्रथम बीमाशुल्कको भुक्तानी पछिका प्रत्येक बीमाशुल्क भुक्तानीका लागि बीमाशुल्क भुक्तानी गर्नुपर्ने मिति (due date) देखि ३१ (एक्कतिस) दिनको मोहलत को अवधि (Grace Period) प्रदान गरिनेछ । यो अवधि भित्र बीमालेख वहाल (in force) रहनेछ । यदि, मोहलतको अवधि भित्र बीमितको मृत्युभएमा त्यस बखत् भुक्तानी नभई बक्यौता रहेको बीमाशुल्क यो बीमालेख फर्छ्यौट गर्दा घटाइनेछ । मोहलतको अवधिभित्र बीमाशुल्कको भुक्तानी नगरिएमा बीमालेख व्यतीत (Lapse) हुनेछ । पूरा २ बर्षको बीमाशुल्क भुक्तानी भैसकेको बीमालेख यसरी व्यतित भएको एक बर्षभित्र बीमितको मृत्यु भएमा बीमितले भुक्तानी गर्नुपर्ने बक्यौता रहेको बीमाशुल्क बीमाङ्कबाट कट्टागरी नियमानुसारको बोनस सहित भुक्तानी गरिनेछ । पुरा २ बर्षको बीमाशुल्क भुक्तानी भैसकेको बीमालेख यसरी व्यतित भएको एक् वर्ष पछि बीमितको मृत्यु भएमा बीमितले भुक्तानी गर्नुपर्ने कुनै बक्यौता रकम भए सो घटाई चुक्तामुल्य (Paidup Value) (कुनैभए) भुक्तानी गरिनेछ ।

**बचतमा सहभागिता (PARTICIPATION INSURPLUS)** : यो बीमालेख कम्पनीको बचत (Surplus) मा सहभागी हुनेछ र यस बीमालेखको कुनै पनि बार्षिकोत्सव (Anniversary) मा यो बीमालेख बहाल (in force) रहेमा र त्यस वार्षिकोत्सव सम्ममा भुक्तानी गर्नुपर्ने सबै बीमाशुल्क भुक्तान गरेको भए बीमाङ्कमा थप भई बीमा अवधि भुक्तान भएपछि वा बीमितको मृत्यु हुँदा भुक्तानी हुने रकम (benefit) मा बृद्धि हुने गरी कम्पनीले नियमानुसार बोनसको घोषणा गर्न सक्नेछ ।

**समर्पण मूल्य (SURRENDER VALUE)** : तीन वर्षको पूर्ण बीमाशुल्क भुक्तानीपछि तथा बीमालेख लागु मितिले ३ वर्षपछि मात्र यो बीमालेखले समर्पण मुल्य (Surrender Value) प्राप्त गर्नेछ । समर्पण मुल्य नेपाल बीमा प्राधिकरणले स्वीकृत गरेको गणना विधि अनुसार निर्धारण गरिनेछ ।

**व्यतित (LAPSE)** : पुरा दुई वर्षको बीमाशुल्क भुक्तानी भई नसके को अवस्थामा यदि सबै बीमाशुल्कहरु मोहलतको अवधिभित्र भुक्तानी गरिएन भने मोहलतको अवधिको समाप्तिमा बीमालेख व्यतित (lapse) हुनेछ र यसरी व्यतित (lapse) भएको बीमालेख पुनर्जागरण नगरिएसम्म सो अन्तर्गत कम्पनीको कुनै दायित्व रहने छैन । पुरा दुई वर्षको बीमाशुल्क भुक्तानी भई सकेको अवस्थामा बीमालेख व्यतित हुँदा यसमा तल दिएको बीमालेख जफत नहुने प्रावधान मध्ये बीमितले रोजे अनुसारको स्वत: बीमाशुल्क ऋण (automatic premium loan) वा कम मुल्यको चुक्ता बीमालेख (reduced paid-up policy) प्रावधान लागु हुनेछ र कुनैपनि प्रावधान नरोजेको अवस्थामा कम मुल्यको चुक्ता बीमालेख (reduced paid-up policy) प्रावधान स्वत: लागु हुनेछ ।

**बीमालेख ऋण (POLICY LOAN)** : कम्पनीले तीन (३) पूर्ण वर्षको बीमा शुल्क प्राप्त गरेपछि तथा बीमालेख लागु मितिदेखि तीन (३) वर्ष पुरा गरेपछि यो बीमालेख उपयुक्त तवरले हस्तान्तरण हुने गरी बीमालेखको धितोमा बीमालेखको समर्पण मुल्य रकमबाट कुनै बक्यौता रकम भए सो घटाई कायम हुन आउने रकम को अधिकतम नब्बे प्रतिशत (९०%) बराबरको रकम ऋण लिन सकिनेछ । बीमालेख ऋणमा नेपाल बीमा प्राधिकरणको स्वीकृति लिई कम्पनीले तोकेको दरमा दैनिक हिसाबले गणना गरिने बार्षिक साधारण ब्याज लाग्नेछ । यस्तो ब्याज बीमालेखको प्रत्येक बार्षिकोत्सव भित्र भुक्तानी गर्नुपर्ने छ । भुक्तानी गर्नुपर्ने बेलामा ब्याज भुक्तानी नगरिएमा सो ब्याज रकम मूलऋणमा गाभि सोमा ब्याजको हिसाब गरिनेछ । बीमालेख अन्तर्गतको कुनैपनि रकम भुक्तानी गर्दा सावाँ ऋण र सोमा लाग्ने नियमानुसारको ब्याज घटाएर मात्र भुक्तानी दिईनेछ । कुनै पनि बेला ऋण र पाकेको ब्याज कुल समपर्णमूल्य भन्दा बढी भएमा बीमालेख स्वत: अन्त भई बदर हुनेछ । नेपाल बीमा प्राधिकरणको स्वीकृति लिई नयाँ तथा साविक दुवै ऋणमा लागू हुने ब्याजदर पुन: निर्धारण गर्ने कम्पनीलाई अधिकार हुनेछ ।

**बीमालेख स्वत: जफत नहुने प्रावधानहरु (AUTOMATIC NON-FORFEITURE PROVISIONS)** : कम मुल्यको चुक्ता बीमालेख (REDUCED PAIDUP POLICY): दुई वर्षको पूर्ण बीमाशुल्क भुक्तानी भईसकेको बीमालेखको कुनै बीमाशुल्क यदि मोहलतको अवधिको अन्तमा भुक्तानी नभई बक्यौता रहेमा त्यस्तो बीमालेख बीमाशुल्क भुक्तानी गर्नु नपर्ने कम मूल्यको चुक्ता बीमालेख (Reduced Paidup Policy) मा स्वत: परिवर्तन भई बहाल रहनेछ । कम मुल्यको चुक्ता बीमालेख (Reduced Paidup Policy) कम्पनीको बचतमा सहभागी हुनेछैन र यसको घटेको बीमाङ्क (Reduced Paidup Value) नेपाल बीमा प्राधिकरणले स्वीकृत गरेको गणना विधि अनुसार निर्धारण गरिने छ । यसरी घटेको बीमाङ्क रकम (Reduced Paidup Value) निर्धारण गर्दा बीमालेख अन्तर्गत कुनै बक्यौता रकम भए सो घटाइ निर्धारण गरिनेछ । कम मूल्यको चुक्ता बीमालेखको घटेको बीमाङ्क रकम (Reduced Paidup Value) बीमित जीवितै रहेमा बीमाशुल्क भुक्तानी चरणको अन्तमा भुक्तानी गरिनेछ ।

**बीमालेख जफत नहुने ऐच्छिक प्रावधानहरु (ELECTIVE NON-FORFEITURE PROVISIONS)** : आवेदन फारममा खुलाएर वा तत् पश्चात लिखित सूचना दिएर निम्नमध्ये कुनै पनि बीमालेख जफत नहुने ऐच्छिक प्रावधान रोजेर लागु गराउन सकिनेछ ।

**प्रथम प्रावधान – स्वत: बीमाशुल्क ऋण (AUTOMATIC PREMIUM LOAN)** : समर्पण मूल्य प्राप्त गरेको बीमालेखको बीमाशुल्क भुक्तानी नभई मोहलतको अवधि समाप्त हुँदा बीमाशुल्क बक्यौता रहेमा र यो प्रावधान रोजेकोभए स्वत: निम्नानुसार हुनेछ:

(क) यदि तिर्न बाँकी बीमाशुल्क बीमालेख को समर्पण मूल्य बराबर वा घटि भएमा तिर्न बाँकी बीमाशुल्कको लागि आवश्यक रकम कम्पनीले स्वत: बीमाशुल्क ऋणको रुपमा प्रदान गरी बीमालेख बहाल राख्नेछ ।

(ख) यदि बीमालेखको समर्पण मुल्य तिर्न बाँकी बीमाशुल्क तिर्न अपर्याप्त भएमा समर्पण मुल्यले जति अवधिको लागि बीमाशुल्क तिर्न पुग्छ त्यति अवधिको बीमाशुल्क कम्पनीले स्वत: बीमाशुल्क ऋणको रुपमा प्रदान गरी सो अवधिसम्म बीमालेख बहाल राख्नेछ र तत् पश्चात बीमालेख स्वत: अन्त भई बदर हुनेछ ।

**For the purpose of this Policy, War means:** War, War-like operations or military operations (whether war be declared or not) or invasion, act of foreign enemy, hostilities, mutiny, riot, civil commotion, civil war, rebellion, revolution, insurrection, conspiracy, military or usurped power, martial law or state of siege, or any events or causes which determine the proclamation or maintenance of martial law or state of siege.

**INTERNATIONAL AND LOCAL SANCTION LIMITATION AND EXCLUSION:** The Company shall not be deemed to provide cover and the Company shall not be liable to pay any claim or provide any benefit hereunder including its Supplementary Contracts /Riders to the extent that the provision of such cover, payment of such claim or provision of such benefit would expose the Insurer to any sanction, prohibition or restriction under United Nations resolutions or the trade or economic sanctions, laws or regulations of the European Union, United Kingdom or United States of America or local laws.

**GENERAL AND SPECIAL PROVISIONS REGULATING THE POLICY:** The above General Provisions shall apply to the Policy as long as the Contract is in force under premium paying phase. The following Special Provisions - PART I and PART II - shall apply to the Policy depending on the period the Policy has been in force and as provided in each of PART I and PART II.

## SPECIAL PROVISION - PART I

## PREMIUM PAYING PHASE

The following Special Provisions - Part I shall apply to the Premium Paying Phase of the Policy and shall be of no effect at the expiry of said Period, unless the Policy, at said Date, is a reduced paid - up policy under automatic Non-Forfeiture Provisions defined here below under this part.

**PREMIUM PAYING PHASE:** The Premium Paying Phase covers the period from the Policy Date to the end of the Premium Payment Term. The Premium Payment Term is stated in the Policy Specification Schedule and represents the Period that the Insured has applied for to make premium payments regularly for the Policy.

**DEATH BENEFIT:** Subject to the provisions of this Policy, in case of death of the Insured during the Premium Paying Phase of the Policy, the Company shall pay Face Amount plus applicable Bonuses, less indebtedness on the Policy, if any.

**PAYMENT OF PREMIUMS AND GRACE PERIOD:** All premiums are payable in advance during the Premium Paying Phase while the Insured is then alive in exchange for a receipt signed by an authorized employee of the Company. A Grace Period of 31 days from its due date will be allowed for payment of each premium after the first, during which period the Policy will remain in force. If death occurs within the Grace Period any premium then due and unpaid will be deducted in settlement of this Policy. The Policy will be lapsed if payment of premium is not made within the grace period. In case of death of insured within one year of the lapsation of the Policy of which premium has already been paid for two years, payment will be made deducting the premium due and payable by Insured from the insured amount with accrued bonus. In case of death of insured after one year of the lapsation of the Policy of which premium has already been paid for two years, the paidup value of the policy (if any) less indebtedness on the policy (if any), shall be paid.

**PARTICIPATION IN SURPLUS:** This Policy will participate in the surplus of the company. On any anniversary of this Policy, if it then be in force and all premiums due have been paid to such anniversary, the Company may declare a bonus in the form of an addition to the Face Amount of the Policy, thereby increasing the benefits payable at maturity of the Policy or at death of the Insured.

**SURRENDER VALUE:** The Policy will acquire a Surrender Value after payment of premium for three full years and completion of three years from policy effective date. Surrender Value will be calculated as per the method approved by Nepal Insurance Authority.

**LAPSE:** If at the expiration of the Grace Period, the Premium remains unpaid, the Policy shall lapse and there shall be no liability of the company for the Policies where premium for two full years has not been paid until it is reinstated. The Policy lapsed after the premium for two full years has been paid upon lapsation will automatically be changed in to one of the options, that is Automatic Premium Loan or Reduced Paidup Policy elected by the insured as per the Non-Forfeiture Provisions hereunder. If none of the option has been elected by the insured then Reduced Paidup Policy provision of the policy will apply automatically.

**POLICY LOANS:** The Company will lend on the sole security and proper assignment of this Policy during its continuance after reciving premium of three (3) full year and completing of three (3) years from the date of policy effective date. The Loan Value of this Policy is 90% of the Surrender Value less any existing indebtedness. Interest on the loan will accrue on simple annual interest basis from day to day at a rate of interest determined by the Company with approval of the Nepal Insurance Authority, which is payable within each anniversary of the Policy. If the interest is not paid when due it will be added to the principal of the loan upon which interest is calculated. The Principal Loan and accrued interest thereon will be deducted from any settlement under the Policy. If the loan with accrued interest exceeds the Total Surrender Value at any time the Policy shall terminate automatically and become void. The Company shall have the right to re-determine the rate of interest applicable to new and existing loans with the approval of Nepal Insurance Authority.

**AUTOMATIC NON-FORFEITURE PROVISIONS:**

**REDUCED PAIDUP POLICY:** If, at the expiration of the Grace Period, the premium remains unpaid and no other Non-Forfeiture Provision has been elected and the premium of the Policy for two full years has been paid, the Policy will automatically change in to Reduced Paidup policy and continue in force as non premium paying policy. The Reduced Paidup policy will not participate in the surplus of the company and the reduced paidup value of such policy will be determined as per the method approved by Nepal Insurance Authority. Any indebtedness to the policy will be deducted from reduced paid value. The reduced paidup value of the Reduced Paidup policy will be paid at the end of premium paying phase if the insured is then alive.

**ELECTIVE NON-FORFEITURE PROVISION:** One of the following elective non-forfeiture provisions may be elected by disclosing in the application form or by submitting written application thereafter.

**PROVISION 1 - AUTOMATIC PREMIUM LOAN:** For the policies which have acquired surrender value if, at the expiration of the Grace Period, the premium remains unpaid and this option of elective non-forfeiture provision has been elected the policy will automatically continue in force as follows:

a. If the Loan Value of the policy is equal to or greater than the unpaid premium, the Company will advance the premium due as Automatic Premium Loan.

b. If the Loan Value is insufficient to cover any premium in default, the Policy shall be continued in force for such proportion of period covered by the premium due as Loan Value bears to the premium; thereafter the policy shall terminate and become void.

स्वत: बीमाशुल्क ऋण (Automatic premium Loan) मा माथि उल्लेखित बीमालेख ऋण प्रावधान सरह ब्याज लाग्ने छ । कुनै पनि बेला बीमाशुल्क ऋण र सोमा लाग्ने ब्याज रकम कुल समर्पणमूल्य रकम भन्दा बढी भएमा बीमालेख स्वत: अन्त (Autosurrendered) भई बदर हुनेछ र त्यसको कुनै मुल्य हुने छैन ।

**द्वितीय प्रावधान-नगद समर्पण (CASH SURRENDER) :** बीमालेखले लागु मितिदेखि ३ वर्ष पछि तथा ३ वर्षको पूर्ण बीमाशुल्क भुक्तानी भएपछि जुनसुकै समयमा बीमितले कम्पनीलाई चित्त बुझ्दो लिखित सूचना दिई, बीमालेख कम्पनीलाई समर्पण गरी बीमालेख अन्तर्गत तिर्न बाँकी रहेको कुनै रकम भए सो घटाई समर्पण मुल्य प्राप्त गर्न सक्नेछ ।

**पुनर्जागरण (REINSTATEMENT)**: बीमालेखलाई नगद समर्पण (cash surrender) गरिसकेको अवस्थामा बाहेक व्यतित बीमालेखलाई, बीमा अवधिभित्र, राम्रो स्वास्थ्यको प्रमाण लगायत बीमा गर्न योग्य छ भन्ने कम्पनीलाई चित्त बुझ्दो प्रमाणहरु संलग्न गरी बीमा पुनर्जागरण गर्ने मितिसम्मको बाँकी सम्पूर्ण बीमाशुल्क र कुनै ऋणभए सोको भुक्तानी वा पुनर्जागरण र दुबैमा लाग्ने कम्पनीले नेपाल बीमा प्राधिकरणको स्वीकृति लिई निर्धारण गरेको दरअनुसारको ब्याज सहित हुन आउने कुल रकम सहित कम्पनी समक्ष लिखित निवेदन पेश गरि पुनर्जागरण गर्न सकिनेछ । मोहलतको अवधि पश्चात बीमाशुल्क भुक्तानी भएको बीमालेख पुनर्जागरण गरिएको बीमालेख हुनेछ । यसमा भएको निर्विवादिता (incontestability) दफाका प्रावधानहरुका साथै यसरी पुनर्जागरण भएको बीमालेख पुनर्जागरण भएको मतिले एक बर्ष सम्म विवादस्पद (contestable) हुनेछ ।

**पुरक करार (SUPPLEMENTARY CONTRACT)** : यस बीमालेखसंग संलग्न पुरक करार/अतिरिक्त कराहरु उक्त करार अन्तहुने मिति वा बीमालेखको बीमाशुल्क भुक्तानी चरण अन्तहुने मितिमध्ये पहिला आउने मितिमा स्वत: रद्द हुनेछन् ।

**बीमाशुल्क भुक्तानीको चरणको अन्तमा बीमालेख लाभ (POLICY PROCEEDS AT THE END OF THE PREMIUM PAYING TERM)** : बीमालेखको बीमाङ्क, र नियामानुसारको बोनस को योगफल बाट कुनै बक्यौता भए सो घटाई बाँकी हुन आउने रकम बीमाशुल्क भुक्तानीको चरणको अन्तमा बीमालेख अन्तर्गतको भुक्तानी योग्य लाभरकम हुनेछ ।

### विषेश प्रावधानहरु-भाग २

**लगानी संचय चरण (INVESTMENT ACCUMULATION PHASE) (यसपछि IAP भनिएको)**

निम्न लिखित विषेश प्रावधानहरु- भाग २ बीमाशुल्क भुक्तानीको चरण पूरा भएपछि शुरुहुने बीमालेखको IAP चरणमा लागु हुनेछन् । यदि बीमाशुल्क भुक्तानीको चरण पूरा हुने मितिमा यो बीमालेख यसैको भाग १ मा उल्लेखित बीमालेख स्वत: जफत नहुने प्रावधान अन्तर्गत कम मूल्यको चुक्ता बीमालेख (Reduced Paidup Policy) को रुपमा बहाल रहेमा यस भाग २ का प्रावधानहरु प्रभावी हुने छैनन् ।

### परिभाषाहरु (DEFINITIONS) :

**मूल रकम (PRINCIPAL AMOUNT)** : मूल रकम भन्नाले मूल बीमाङ्क तथा बीमाशुल्क भुक्तानीको चरणमा बीमालेखले प्राप्त गरेको नियमानुसारको बोनस रकमको योगफलबाट बीमालेख अन्तर्गत कुनै बक्यौता रकम भए सो घटाई बाँकी हुन आउने रकमलाई जनाउनेछ ।

**ऐच्छिक विकल्पहरु (ELECTIVE OPTIONS)** : बीमाशुल्क भुक्तानी चरणको अन्तमा कायम हुन आउने मूल रकमलाई निम्न उल्लेखित ऐच्छिक विकल्पहरु मध्ये बीमितले रोजेको विकल्प अनुसार उपयोग गरिनेछ । ऐच्छिक विकल्पहरु बीमितले बीमा आवेदन भर्दाका बखत रोज्नु पर्नेछ । एक पटक रोजेको विकल्पलाई, सो अन्तर्गत कुनै भुक्तानी शुरु हुनु भन्दा अगावै जुनसुकै बखत कम्पनीमा लिखित आवेदन दर्ता गराई अर्को विकल्पमा परिवर्तन गर्न सकिनेछ । यसरी रोजेको विकल्प अन्तर्गत एक पटक भुक्तानी शुरु भईसके पछि सो विकल्पलाई परिवर्तन गरिनेछैन ।

**विकल्प १** : बीमितले मूल रकम प्रयोग गरी बीस (२०) वर्षको लागि प्रत्याभूत गरिएको एकल बीमाशुल्क आजीवन एन्युटी (Life time Annuity) बीमा खरिद गर्न सक्नेछ । एन्युटी (Annuity) बीमा बीस (२०) वर्षको लागि प्रत्याभुत गरिएको हुनेछ र तत् पश्चात आजीवन आयको रुपमा जारी रहनेछ । यस अन्तर्गतको लाभ मासिक आयको रुपमा, बीमाशुल्क भुक्तानीको चरण अन्तहुने मितिले एक महिना पछिको मिति देखि शुरु भई बीमित जीवित रहे सम्म (अधिकतम १०० वर्षको उमेर सम्म) वा कम्तीमा बीस (२०) वर्षसम्म मासिक रुपले भुक्तानी गरिनेछ । यदि, बीमित बीस (२०) वर्ष सम्मको २४० मासिक आय प्राप्त गर्नु अगावै मृत्यु भएमा २४० मासिक आय मध्ये बीमितले भुक्तानी लिई बाँकी रहेको मासिक आय निजले इच्छाएको व्यक्ति लाई भुक्तानी गरिनेछ । यदि, २४० मासिक आयको भुक्तानी पुरा नहुँदै इच्छाएको व्यक्तिको मृत्यु भएमा २४० मासिक आय मध्ये बीमित र इच्छाएको व्यक्तिले भुक्तानी लिई बाँकी रहेको मासिक आय इच्छाएको व्यक्तिको कानुनी हकवालालाई भुक्तानी गरिनेछ । मासिक आयको रकम गणना गर्न प्रयोग गरिने एन्युटी फयाक्टर बीमाशुल्क भुक्तानीको चरण समाप्त हुने मितिमा पुग्ने बीमितको उमेर तथा त्यस बखत कम्पनीले प्रचलित बजारको आधारमा निर्धारण गर्ने ब्याजदरमा आधारित हुनेछ र मासिक आय निम्न सूत्र प्रयोग गरि गणना गरिने छ :

Monthly Income = Principal Amount/12* Annuity factor

उपरोक्तानुसार बीमितले प्राप्तगर्ने मासिक आयको लिखित जानकारी कम्पनीले यो विकल्प लागुगर्दाका बखत बीमितलाई उपलब्ध गराउने छ ।

**विकल्प २** : बीमितले मूल रकम प्रयोग गरी एकल बीमाशुल्क बीस (२०) वर्षे निश्चित एन्युटी (Annuity Certain) बीमा खरिद गर्न सक्नेछ । यस अन्तर्गतको लाभ मासिक आयको रुपमा, बीमाशुल्क भुक्तानीको चरण अन्त हुने मितिले एक महिना पछिको मिति देखि शुरु भई बीस (२०) वर्ष सम्म मासिक रुपले भूक्तानी गरिनेछ । यो आजीवन जारी रहने छैन । यदि, बीमित बीस (२०) वर्ष सम्मको २४० मासिक आय प्राप्त गर्नु अगावै मृत्यु भएमा २४० मासिक आय मध्ये बीमितले भुक्तानी लिई बाँकी रहेको मासिक आय निजले इच्छाएको व्यक्ति लाई भुक्तानी गरिनेछ । यदि, २४० मासिक आयको भुक्तानी पुरा नहुँदै इच्छाएको व्यक्तिको मृत्यु भएमा २४० मासिक आय मध्ये बीमित र इच्छाएको व्यक्तिले भुक्तानी लिई बाँकी रहेको मासिक आय इच्छाएको व्यक्तिको कानुनी हकवालालाई भुक्तानी गरिनेछ । मासिक आयको रकम गणना गर्न प्रयोग गरिने एन्युटी फयाक्टर बीमाशुल्क भुक्तानीको चरण समाप्त हुने मितिमा पुग्ने बीमितको उमेर तथा त्यस बखत कम्पनीले प्रचलित बजारको आधारमा निर्धारण गर्ने ब्याजदरमा आधारित हुनेछ र मासिक आय निम्न सूत्र प्रयोग गरी गणना गरिने छ :

Monthly Income = Principal Amount/ 12* Annuity factor

उपरोक्तानुसार बीमितले प्राप्तगर्ने मासिक आयको लिखित जानकारी कम्पनीले यो विकल्प लागु गर्दाका बखत बीमितलाई उपलब्ध गराउनेछ ।

Interest on automatic premium loan will accrue as stated in 'Policy Loan' provision of the policy. If the automatic premium loan amount with accrued interest exceeds the Loan Value at any time, the policy shall automatically terminate and become void.

**PROVISION 2-CASH SURRENDER:** At any time after the Policy has completed 3 years from policy effective date and premium for 3 years has been paid by filing written notice satisfactory to the Company, the insured can surrender the Policy and receive the Surrender Value, less any indebtedness.

**REINSTATEMENT:** Unless the Policy has been cash surrendered, lapsed policy may be reinstated upon written application to the Company with the production of evidence of insurability, including good health, satisfactory to the Company together with payment of all overdue premiums and repayment or reinstatement of any loan, both with interest to the date of reinstatement at a rate of interest determined by the Company with the prior approval of the Nepal Insurance Authority. The Policy of which premium is paid after grace period will be a reinstated policy. In addition to the provisions of the Incontestability Clause herein, a reinstated Policy shall be contestable for one year from the date of reinstatement.

**SUPPLEMENTARY CONTRACT:** Supplementary Contracts/Riders (if any) attached with this Policy, will automatically cancel on the termination/expiry date of the Supplementary Contracts/Riders or at the end of the Premium Payment Term, whichever is earlier.

**POLICY PROCEEDS AT THE END OF THE PREMIUM PAYMENT TERM:** The Face Amount of the policy and bonus as applicable accrued during the Premium Paying Phase less indebtedness in the Policy, if any, shall be the amount payable at the end of premium paying phase.

## SPECIAL PROVISIONS - PART II

## INVESTMENT ACCUMULATION PHASE

(Herein referred to as IAP)

The following Special Provisions - Part II shall apply to the Policy under IAP, which commences after the completion of the Premium Paying Phase provided the Policy, is not as Reduced Paid Up policy under Automatice Non-Forfeiture Provision stated in PART I of the policy.

**DEFINITIONS:**

**PRINCIPAL AMOUNT:** Means the Face Amount plus bonus, if any, that have accrued during the Premium Paying Phase, less indebtedness on the Policy, if any.

**ELECTIVE OPTIONS:**

The Principal Amount at the end of premium paying phase will be used according to one of the following options elected by the Insured. Insured have to elect the options while filling up the application for insurance. The option once elected may be changed to other option at any time, prior to the commencement of any payment thereunder, by filing written application to the company. The elected option can not be changed after commencement of payment under it.

**Option 1**

The policyowner can purchase a single premium life annuity guaranteed for 20 years using the Principal Amount. The annuity will be guaranteed for 20 years and thereafter continue as a lifetime income. The benefit payable under this option shall be in the form of monthly income which will start after one month from the end of premium paying phase and shall continue till life time of the insured or at least for 20 years. Incase insured dies before receiving 240 monthly incomes for 20 years, the remaining of 240 monthly incomes shall be paid to beneficiary nominated by the insured. If the beneficiary dies before completion of payment of 240 monthly incomes, the remaining of 240 monthly incomes after payment to insured & beneficiary will be paid to the legal heir of the beneficiary.

The annuity factor used for calculation of monthly income will depened on the attained age of insured at the end of premium paying phase and the interest rate determined by the company on the basis of market rate. The monthly income will be calculated using the following formula.

Monthly Income = Principle Amount/12* Annuity factor

The monthly income payable to the insured per above, shall be notified in writting to the insured at the time of implementation of this option.

**Option 2**

The policyowner can purchase a single premium annuity guaranteed for 20 years alone. It does not continue for whole life but for twenty years only. The benefit payable under this option shall be in the form of monthly income which will start after one month from the end of premium paying phase and shall continue till completion of 20 years (240 monthly incomes). Incase insured dies before receiving 240 monthly incomes for 20 years, the remaining of 240 monthly incomes shall be paid to beneficiary nominated by the insured. If the beneficiary dies before completion of payment of total 240 monthly incomes, the remaining of 240 monthly incomes after payment to insured & beneficiary will be paid to the legal heir of the beneficiary.

The annuity factor used for calculation of monthly income will depened on the attained age of insured at the end of premium paying phase and the interest rate determined by the company on the basis of market rate. The monthly income will be calculated using the following formula.

Monthly Income = Principal Amount/12*Annuity factor

The monthly income payable to the insured per above, shall be notified in writting to the insured at the time of implementation of this option.

**विकल्प ३ :** बीमितले ब्याज आर्जन गर्नकालागि मूल रकमलाई कम्पनी संगै छोड्न सक्नेछ । बीमितले वार्षिक नगदी कुपनको रुपमा ब्याज (लगानी खर्च भए कट्टा गरी) प्राप्त गर्नेछ । कुपनको दर कम्पनीले प्रत्येक वर्ष लगानी आयको आधारमा प्रस्ताव गर्नेछ । वार्षिक कुपनको भुक्तानी बीमाशुल्क भुक्तानीको चरण समाप्ति पछि लगत्तै आउने बीमालेख वार्षिकोत्सवबाट शुरु हुनेछ र बीमितको मृत्यु वा बीमित सय वर्ष उमेर पुग्ने मितिमध्ये पहिला आउने मितिसम्म जारी रहनेछ । बीमित सय वर्ष उमेर पुगेमा वा सो अगावै निजको मृत्यु भएमा मूल रकम एकमुष्ठ भुक्तानी गरिनेछ ।

बीमितसंग ब्याज आर्जन गर्नका लागि कुपन कम्पनीसँगै छोड्न सक्ने विकल्प हुनेछ । ब्याज दर लगानी आयका आधारमा प्रत्येक वर्ष निर्धारण गरिनेछ । सय वर्षको उमेर सम्म जीवित रहेमा बीमितले मूल रकम तथा संचय भएको कुपनको मुल्य प्राप्त गर्नेछ । सो अगावै बीमितको मृत्यु भएमा मूल रकम तथा संचय भएको कुपन रकम भुक्तानी गरिनेछ । वार्षिक कुपन प्रत्याभूत गरिएको छैन ।

**विकल्प ४ :** बीमितले मूल रकमको पचास प्रतिशत (५०%) एकमुष्ठ भुक्तानी प्राप्त गर्नेछ । बाँकी पचास प्रतिशत (५०%) मा निजले वार्षिक नगदी कुपनको रुपमा ब्याज (लगानी खर्च भए कट्टा गरी) प्राप्त गर्नेछ । कुपनको दर कम्पनीले प्रत्येक वर्ष लगानी आयको आधारमा प्रस्ताव गर्नेछ । वार्षिक कुपनको भुक्तानी बीमाशुल्क भुक्तानीको चरण समाप्ति पछि लगत्तै आउने बीमालेख वार्षिकोत्सवबाट शुरु हुनेछ र बीमितको मृत्यु वा बीमित सय बर्ष उमेर पुग्ने मिति मध्ये पहिला आउने मिति सम्म जारी रहनेछ । बीमित सय बर्ष उमेर पुगेमा वा सो अगावै निजको मृत्यु भएमा कम्पनीसँग छोडिएको  मूल रकमको पचास प्रतिशत (५०%) रकम एकमुष्ठ भुक्तानी गरिनेछ ।

बीमितसँग ब्याज आर्जन गर्नका लागि कुपन कम्पनीसँगै छोड्न सक्ने विकल्प हुनेछ । ब्याज दर लगानी आयका आधारमा प्रत्येक वर्ष निर्धारण गरिनेछ । सय वर्षको उमेर सम्म जीवित रहेमा बीमितले मूल रकम तथा संचय भएको कुपनको मुल्य प्राप्त गर्नेछ । सो आगावै बीमितको मृत्यु भएमा ५०%मूल रकम तथा संचय भएको कुपन रकम भुक्तानी दिनेछ । वार्षिक कुपन प्रत्याभूत गरिएको छैन ।

**विकल्प ५:** बीमितलाई, बीमालेख अन्तर्गत कुनै बक्यौता रकम भए सो घटाई मूल रकम बीमाशुल्क भुक्तानीको चरण समाप्तिमा एकमुष्ठ भुक्तानी गरिनेछ । यस्तो भुक्तानीले बीमा करार अन्त गराउनेछ र कम्पनी बीमालेख अन्तर्गतको आफ्नो सम्पूर्ण दायित्वबाट मुक्त हुनेछ ।

**Option 3**

The insured can leave the Principal Amount with the Company to earn interest. The insured will receive interest (less investment cost) in the form of annual cash coupons. The rate of coupons will be offered by the company in the beginning of each policy year depending on investment income. Payment of annual coupons will commence with effect from the policy anniversary immediately following the completion of the premium paying phase and continue until insured attained age 100, or until death, whichever is earlier. The Principal amount will be paid to the insured in lump sum upon his attaining age 100 or his/her earlier death.

The insured will have the option to leave the coupons with the Company to accumulate at interest. The rate of interest will be determined each year depending on investment income. On survival to age 100, the insured will receive the Principal Amount plus the accumulated value of the coupons. Incase of earlier death of insured, Principal Amount plus the accumulated value of the coupons will be paid in lumpsum. The annual coupon is not guaranteed.

**Option 4**

The Insured will get 50% of Principal Amount in lump sum at the end of Premium Paying Phase. He/she will receive interest in the form of annual cash coupons on remaining 50% of Principal Amount. The rate of coupons will be offered by the company in the beginning of each policy year depending on investment income. Payment of annual coupons will commence with effect from the policy anniversary immediately following the completion of the premium paying phase and will continue until insured attained age 100, or until his/her death, whichever is earlier. The 50% of the Principal amount left with the company will be paid to the insured in lump sum upon his attaining age 100 or his/her earlier death. The annual coupon is not guaranteed.

The insured will have the option to leave the coupons with the Company to accumulate at interest. The rate of interest will be determined each year depending on investment income. On survival to age 100, the insured will receive the 50% Principal Amount left with the company plus the accumulated value of the coupons. Incase of earlier death of insured, 50% Principal Amount plus the accumulated value of the coupons will be paid in lump sum. The annual coupon is not guaranteed.

**Option 5**

The Principal Amount, less any indebtedness to the policy, is payable to the insured in lumpsum at the end of the Premium Paying Phase. Such payment will terminate the Policy contract and the Company shall be free from its all obligations under the Policy.